दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३३३ | बुटवल | २०८२ मंसिर २७ गते,शनिबार | नेपाल संवत ११४६ | Saturday December 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# एमालेको ११औं महाधिवेशन आजदेखि

**नयाँ नेतृत्वमा तेस्रोपटकका लागि अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्ष अलग अलग प्यानल बनाएर प्रतिस्पर्धा गर्ने तयारी गरेका छन्।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेको ११औं महाधिवेशन आजदेखि सुरु हुँदैछ। महाधिवेशनको उद्घाटन भक्तपुरको सल्लाघारीमा हुनेछ। सल्लाघारीको १०८ रोपनी जग्गामा तीन लाख कार्यकर्ता उतार्ने गरी उद्घाटनस्थल बनाएको एमालेले दाबी गरेको छ।

उद्घाटनस्थलको चौरमा १५ हजारको हाराहारीमा कुर्सी राखिने योजना एमालेको छ।

एमाले पोलिटब्युरो सदस्य तथा मञ्च व्यवस्थापनका संयोजक विनोद श्रेष्ठका अनुसार झण्डोत्तोलन र इलेक्ट्रिक दियो बालेर उद्घाटन गर्ने तयारी छ।

यसपटक सर्वसाधरणको सवारीमा समस्या नहुनेगरी व्यवस्थापन गरिएको एमालेले जनाएको छ। महाधिवेशनमा गएका गाडीहरू जगते र राधेराधेमा पार्किङ् गर्ने व्यवस्था मिलाइएको छ।

शनिबार ११ बजे उद्घाटनका लागि नेता तथा कार्यकर्ता सल्लाघारी पुग्नेछन्। दिउँसो ४ बजेभित्र उद्घाटन सत्रको सबै काम सक्ने योजना एमालेको छ। दुईसयभन्दा बढी सांस्कृतिक भेषभूषासहित झाँकी प्रदर्शनी हुने उद्घाटन सत्रमा मुलुकभित्रका राजनीतिक दललाई आमन्त्रण गरिएको र अन्य मित्रराष्ट्रका पार्टीबाट भने शुभकामना सन्देशमात्रै बाचन गरिने कार्यतालिका छ।

बन्द सत्र र मतदान भने राष्ट्रिय सभा गृहमा हुनेछ।

महाधिवेशनअन्तर्गत नयाँ नेतृत्वका सन्दर्भमा हालका अध्यक्ष ओलीले आफू तेस्रो कार्यकालका लागि उम्मेदवार बन्ने बताउँदै आएका छन्।

उनै ओलीले विगतमा दुई वर्षे कार्यकाल र ७० वर्षे उमेर हदको प्रावधान ल्याएर केही समय कार्यान्वयन समेत भएको थियो। तर १०औं महाधिवेशनको मुखमा ओलीले उक्त प्रावधान परिवर्तन गरी आफैं दोस्रोपटक अध्यक्ष बनेका थिए।

» बाँकी ३ पेजमा

एनपिएल:
# च्याम्पियन बन्ने दौडमा सुदूरपश्चिम र लुम्बिनी




बुटवल। दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधिका लागि शनिबार साविक उप-विजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स भिड्ने भएका छन्। कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा उपाधिका लागि दिउँसो ३:३० बजे भिडन्त हुँदैछ।

साविकको विजेता खेलबाट बाहिरिएपछि यस संस्करणमा नयाँ च्याम्पियन बन्ने पक्का छ। सुदूरपश्चिम र लुम्बिनी उपाधि रक्षाका लागि तयार छन्। लुम्बिनीलाई नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तानसमेत रहेका रोहित पौडेलले सम्हालेका छन्। सुदूरपश्चिमको जिम्मा नेपाली राष्ट्रिय क्रिकेट टिमका उपकप्तान रहेका दीपेन्द्रसिंह ऐरीको रहेको छ।

रोयल्स लिग चरण खेल र साविक उपविजेता भएकाले लायन्सभन्दा बलियो देखिएको छ। लिग चरणका सातमध्ये चार खेल जितेर पहिलो क्वालिफायर खेल्दै रोयल्स उपाधि नजिक पुगेको हो। रोयल्स गत वर्ष फाइनलमा जनकपुर बोल्टससँग पाँच विकेट पराजित हुँदै उप-विजेतामा सीमित भएको थियो।

लायन्स यो वर्ष लिग चरणका सातमध्ये चार खेलमा विजयी हुँदै इलिमिनेटर र दोस्रो क्वालिफायर आफ्नो पक्षमा पार्दै फाइनलमा सुरक्षित भएको हो। लुम्बिनी गत संस्करणमा लिग चरणबाटै आउट भएको थियो। जारी सिजनमा एकपटक मात्रै यी दुवै टोली एकआपसमा भिडेका हुन्। लिग चरणको उक्त खेलमा रोयल्स सात विकेटले विजयी भएको थियो। गत संस्करणमा एकपटक भेट भएकामा लायन्स ४५ रनले पराजित भएको थियो। तेस्रो भेट दुवैका लागि महत्त्वपूर्ण रहेको छ। जसले जित हात पाऱ्यो त्यसले खेल मात्रै जित्ने छैन, च्याम्पियन बन्दै इतिहास लेखाउने छ।

# सह-सम्पादक शर्मालाई उत्कृष्ट पत्रकारिता पुरस्कार




बुटवल। रूपन्देही व्यापार संघले उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार-२०८२ बाट दैनिक लुम्बिनीका सह-सम्पादक टिआर शर्मा र पत्रकार अमृता अनमोललाई पुरस्कृत गरेको छ। संघले हरेक दुई वर्षमा प्रदान गर्दै आएको यो पुरस्कार यस वर्ष सह-सम्पादक शर्मासँगै कान्तिपुर टेलिभिजनकी उप-सम्पादक अमृता अनमोललाई संयुक्तरुपमा प्रदान गरेको हो। जिल्लाको समग्र आर्थिक विषयसँगै संस्थाले व्यवसायिक हकहितका पक्षमा र सामाजिक उत्तरदायित्वका क्षेत्रमा गरेका गतिविधिका विषयमा खोजमूलक समाचार प्रकाशन तथा प्रशारण गरेको मूल्याङ्कन गरी उनीहरुलाई पुरस्कृत गर्ने निर्णय भएको संघका महासचिव फर्सुराम पन्तले बताए।

शर्मा र अनमोल दुबै जना २१ वर्षदेखि बुटवलमा रहेर पत्रकारितामा निरन्तरत क्रियाशील छन्। शर्मा अनलाइनखबरका वरिष्ठ संवाददाता समेत हुन्।

पुरस्कारको राशी जनही १२ हजार पाँच सय रुपैयाँ रहेको छ। पत्रकारद्वय शर्मा र अनमोललाई लुम्बिनी प्रदेशसभा सदस्य एवं पूर्व स्वास्थ्यमन्त्री विष्णु पन्थी, संघका अध्यक्ष दीपक अधिकारी, नवनिर्वाचित अध्यक्ष प्रकाश ढकाललगायतले सम्मानपत्र प्रदान गरेका थिए। सो अवसरमा बोल्दै पूर्व मन्त्री पन्थीले रुपन्देही प्रदेशकै आर्थिक र औद्योगिक केन्द्र भएको चर्चा गर्दै स्वदेशी उद्योगी र व्यवसायीलाई संरक्षण गर्ने निजी क्षेत्रमैत्री नीति र कानुनको अझै अभाव रहेको औंल्याए।

पन्थीले निजी क्षेत्र नै देशको अर्थतन्त्रको मेरुदण्ड भएकाले सरकारले निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण बनाउनुपर्ने बताए। संघका अध्यक्ष दीपक अधिकारीले संघले सामाजिक उत्तरदायित्वअन्तर्गत लुम्बिनी प्रादेशिक अस्पतालमा एक करोड बढी लगानीमा ब्लड बैंक स्थापना गरेको र त्यसको दीगो सञ्चालनमा तीनै तहका सरकारको साथ आवश्यक रहेको बताए। सोही कार्यक्रममा संघको नवनिर्वाचित कार्यसमितिको पदस्थापन समेत गरिएको थियो।

# सुशीला सरकारमा थपिए चार मन्त्री

बुटवल। प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद् विस्तार भएको छ। शुक्रबार ४ जना मन्त्री थप भएका छन्।

थपिएका मन्त्रीहरूमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमारसिंह इङ्नाम, श्रम, रोजगार तथा तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी, वन तथा वातावरणमन्त्री माधव चौलागाईं र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठ रहेका छन्।

योसँगै कार्की नेतृत्वको मन्त्रिपरिषद् १४ सदस्यीय पुगेको छ। यद्यपि, उनले प्रधानमन्त्री बन्दा ११ जना भन्दा बढीको मन्त्रिपरिषद् नबनाउने बताएकी थिइन्।

मन्त्रिपरिषद् बिस्तार भए पनि कार्कीसँग ३ मन्त्रालय रहेका छन्। उनले परराष्ट्र, रक्षा तथा खानेपानी मन्त्रालयको जिम्मेवारी लिएकी छन्।

त्यस्तै अन्य ३ मन्त्रीले पनि एकभन्दा बढी मन्त्रालयको जिम्मेवारी सम्हालका छन्। जसमा रामेशर खनाल, कुलमान घिसिङ र अनिलकुमार सिन्हा रहेका छन्।

खनालसँग अथ र संघीय मामिला तथा सामान्य प्रशासनको जिम्मेवारी छ। घिसिङले ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी लिएका छन्।

सिन्हाको काँधमा भने उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय मामिला र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन गरी ३ मन्त्रालयको जिम्मेवारी छ।

# जीप दुर्घटनामा तीन जनाको मृत्यु

पाल्पा। नवलपरासी पूर्व अरुणखोलाबाट पाल्पाको रामपुर नगरपालिकातर्फ गइरहेको यात्रुवाहक जीप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने ८ जना घाइते भएका छन्।

लु १ ज ३९०८ नम्बरको फोर्स जीप पाल्पाको निस्दी गाउँपालिका वडा नं. ४ मित्याल चिउरीबासमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक होमप्रकाश चौधरीले बताए। दुर्घटनामा परी मृत्यु भएकामध्ये दुई जनाको मात्र सनाखत भएको छ भने एक महिलाको सनाखत हुन सकेको छैन। दुर्घटनामा परी मृत्यु हुनेमा पाल्पा निस्दी गाउँपालिका वडा नं. ७ मित्यालकी वर्ष ३६ की हेमकुमारी सारु, सोही गाउँपालिका वडा नं. ४ की वर्ष ४५ की ओमकुमारी खाँम्चा रहेका छन्। दुर्घटनास्थलबाट उद्धार गरी आठ जनाको मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा उपचाररत रहेकामध्ये चार जना चितवन मेडिकल कलेज रिफर भएका छन्।

चितवन मेडिकल कलेजमा उपचार हुनेहरुमा गम्भीर घाइते अवस्थामा रहेका निस्दी ४ वर्ष २८ की मीनाकुमारी सुनारी, हालसम्म ठेगाना नखुलेका एउटै परिवारका वर्ष ४१ का सुन्दर सुनार, उनको छोरा वर्ष १० को लवित सुनार र छोरी वर्ष ५ की प्रिन्सा सुनार रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ। मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा उपचार हुनेहरुमा निस्दी ४ का वर्ष ९ का न्यूराज खाम्चा, सोही ठाउँकै वर्ष ५ की सालिन खाम्चा, वर्ष ७३ का नरबहादुर सुनारी र वर्ष ७२ की भुमिसरा सुनारी रहेको प्रहरीले जनाएको छ।

निस्दी ४ मित्याल चिउरीबासमा उकालोमा यात्रु ओराल्दै गर्दा रोकिराखेको फोर्स जीप आफै व्याक भएर दुर्घटना भएको र जीप सडकबाट १२ सय मिटर तर खसेको, चालक सामान्य घाइते अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको पाल्पा प्रहरी कार्यालयले जनाएको छ।

# बुटवलको औद्योगिक प्रदर्शनीमा स्वदेशी उद्योग र पर्यटनलाई विशेष प्राथमिकता

बुटवल। रुपन्देही उद्योग संघले पुस ३ गतेदेखि १७ गतेसम्म बुटवल मण्डपस्थित राष्ट्रिय औद्योगिक प्रदर्शनी स्थलमा आयोजना गर्न लागेको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवमा स्वदेशी उद्योगको प्रवर्द्धनका साथै पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखिने भएको छ।

यस क्षेत्रका पर्यटन व्यवसायी सँगको सहकार्यमा प्रदर्शनी अवधिभर आउने स्वेदशी तथा विदेशी पर्यटकहरुलाई प्याकेजमा नै समेट्ने गरी योजना बनेको संघका अध्यक्ष तथा मूल आयोजक समिति संयोजक कृष्णप्रसाद पराजुलीले जानकारी दिए।

यो विषयमा यस क्षेत्रका पर्यटन व्यवसायीहरुसँग सहकार्य थालिएको उनको भनाइ छ। हामीले यहाँका होटल तथा पर्यटन व्यवसायी संघको नेतृत्वसँग छलफल गरेर उहाँहरुलाई नै प्याकेजका योजना मागेका छौं, कम्तीमा बुटवल बाहिरबाट प्रदर्शनीका लागि आउने पाहुनालाई कसरी यहाँ राख्न सकिन्छ र कसरी यस क्षेत्र वरिपरि भएका पर्यटकीय क्षेत्रमा पुराउन सकिन्छ भन्ने विषय महत्वपूर्ण बनाएका छौं,' उनले भने-'यहाँ रहेका लुम्बिनी र सिद्धार्थ केबलकारसँग पनि हामी संस्थागत सहकार्य गरेर अघि जाने निर्णय गरेका छौं, यहाँ रहेका सबै होटलहरु, बसहरुमा प्रदर्शनीको पर्चा पोष्टर टाँसिएको छ।'

मणिमुकुन्द सेन उद्यानका अध्यक्ष तथा पर्यटन व्यवसायी माधव नेपालले रुपन्देही उद्योग संघले यसअघि स्वास्थ्य क्षेत्रमा उल्लेखनीय काम गरेकाले अब पर्यटनको क्षेत्रमा पनि महत्वपूर्ण योजनामा हात हाल्न सुझाव दिएको र अहिलेको प्रदर्शनीमार्फत् नै त्यो अभियान थाल्न सुझाएर आफूले पूर्ण रुपमा सहकार्य गर्ने प्रतिबद्धता गरेको जानकारी दिए।

'सधैं पर्यटन क्षेत्र भाषणमा मात्रै भयो अब सबैको सहकार्यमा देखिने काम गरौं यसको समन्वय वा सुरुवात उद्योग संघले गरोस्, हामीले पूर्ण साथ दिन प्रतिबद्धता जनाएका छौं, जसरी मुटु अस्पताललाई अगाडि सारियो त्यसैगरी अघि बढ्नुपर्दछ भन्ने हो।'-उनले भने।

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष माधव खनालले प्रदर्शनीलाई पर्यटन प्रवर्द्धनमा केन्द्रित गर्ने उद्योग संघको निर्णप्रति सम्मान गर्दै आफूहरुले त्यसमा हातेमालो गरेर जाने र यस क्षेत्रमा भएका सबै होटलहरुमा त्यसको प्रचार सुरु भएको र अब यो समयमा हुने प्याकेजका विषयमा पनि एउटा समझदारी गरेर नयाँ सन्देश दिइने जनाए। यो समयमा औद्योगिक प्रदर्शनीसँगै कृषि, प्रविधि तथा पर्यटन महोत्सवलाई संघले आफ्नो मुख्य प्राथमिकतामा राखेको छ।

पर्यटन उपसमिति संयोजक टंकनारायण आचार्यले यो क्षेत्रका विज्ञ, व्यवसायीको चाहना अनुरुप संघले कार्यक्रम अघि बढाउने र प्रभावकारी बनाउने बताए।

प्रदर्शनीका सम्पन्न गर्नका लागि संघका अध्यक्षको संयोजकत्वमा १०१ सदस्यीय मूल समिति, ५१ सदस्यीय विशेष सल्लाहकार समिति, २५१ सदस्यीय सल्लाहकार समिति, साथै निवर्तमान अध्यक्षको संयोजनमा विशेष मूल्याङ्कन समिति तथा ३० वटा विभिन्न उपसमिति गठन गरेर तयारी अन्तिम चरणमा पुराइएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जनाए। भर्खर निर्माण सम्पन्न भएको आधुनिक अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा आधुनिकस्तरकै स्टल हुने र यसको सजावटदेखि व्यवस्थापन तथा हालसम्म आयोजना भएका प्रदर्शनीभन्दा धेरै भिन्न हुने र स्वदेशी उत्पादनलाई मात्रै यहाँ स्थान दिइने गरी संघले दर्ता हुने स्टलहरुलाई कडा नियम बनाएको छ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८२ मंसिर २७ गते, शनिबार
तपाईंका लागि...



## बिट्विन द लाइन्स्...

वेदना नहुनु सुख होइन
वेदना बाँड्ने हुनु सुख हो
नछुट्टिनु सुख होइन
छुट्टिंदा सम्झना हुनु सुख हो

– जगदीश घिमिरे
('सुख' कवितावाट)

क्लासिक कथा

# इभान इल्यीचको मृत्यु– ७

**लेभ तोल्सतोइ**

(१९ औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ । नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ । लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन् । सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो । ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो । उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन् । पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ । कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो । त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ ।)

बिहान भइसकेको थियो । कुन कुराबाट यो थाहा पाइन्थ्यो भने गेरासिम कोठाबाट बाहिर निस्किसकेको थियो र टहलुवा प्योत्र भित्र पसिसकेको थियो । टहलुवाले मैनबत्तीहरू निभाइदियो, एउटा झ्यालबाट पर्दा खोलिदियो र बिस्तार-बिस्तार कोठा बढार्न लाग्यो, बिहान होस् वा बेलुका, शुक्रबार होस् वा आइतबार यसबाट इभान इल्यीचलाई केही फरक पर्दैनथ्यो । उनको निम्ति सबै दिनहरू एकैनासका थिए । जहिले पनि कोखाको पीडाले सताइरहन्थ्यो र एक छिन पनि त्यो पीडा कम हुँदैनथ्यो । उनलाई एउटै कुराको मात्र चेतना थियो । त्यो के त भने कुनै अटल नियमअनुसार उनको जीवन तुरिंदै गइरहेको थियो तर अझै पूर्णतया समापत चाहिं भइसकेको थिएन र त्यही भयंकर र घृणित मृत्यु शनैःशनैः उनैतर्फ लम्कदै आइरहेको थियो जुन एक मात्र यथार्थ थियो । अनि त्यही झूठो ! दिन, हप्ता र प्रहरको विचार नै उनलाई कसरी आउन सक्थ्यो र ?

"चिया ल्याउँ कि हजुर ?"

'सबै कुरा नियमअनुसार भए यसलाई पुगिहाल्छ । एकाबिहानै मालिकहरू चिया पिउँछन्, त्यसैले त सौध्दै पनि छ'– इभान इल्यीचले मनमनै सोचे ।

"पर्दैन !"– उनले यत्ति मात्र जवाफ दिए ।

"अब सोफामा आराम लिइबक्सिन्छ कि त, हजूर ?"

'यसलाई कोठा सफा गर्नुपरेको छ र म यस काममा बाधक बनेको छु । मेरो कारणले गर्दा कोठा फोहोर भएको छ र चीजबीजहरू पनि छ्यालब्याल्ल छन्'– इभान इल्यीचले विचार गरे ।

"अहँ ! मलाई यहीं ठीक छ !"– उनले भने ।

टहलुवा केही बेरसम्म बढारकुँढार गर्दैरह्यो । इभान इल्यीचले आफ्नो हात फैलाए । प्योत्र हतपत गर्दै उनको अगाडि आइपुग्यो ।

"के मर्जी हुन्छ, हजुर ?"

"घडी ।"

प्योत्रले इभान इल्यीचको हात नजिकै पडिरहेको घडी उठाएर दियो ।

"साढे आठ बजिसकेछ । के सबै मान्छे ब्युँझिसके त ?"

"अझै उठिसकेका छैनन्, हजूर ! भासिली इभानोभिच (यो उनको छोराको नाउँ थियो) स्कुल सवारी होइस्यो । हजुरबाट बोलवट हुनेबित्तिकै उठाइहाल्नु भनेर प्रस्कोभ्या फ्योदोरोभ्नाबाट मर्जी होइस्याछ ! बोलाऊँ कि , हजुर ?"

"भैगो, पर्दैन !" ('अलिकति चिया खाइहाल्नुमा के आपत्ति होला र ?' उनले सोचे ।

"अँ, चिया ले'रा न त !"

प्योत्र दैलोतिर लम्कियो । कोठामा आफू एक्लो पर्न गएको देखेर इभान इल्यीच निकै आकुलव्याकुल हुन पुगे । 'के गर्दा यसलाई यही रोकेर राख्न सकिन्छ होला ? हो, ओखतीको बहाना गर्नुपर्ला !')

"प्योत्र ! खै, ओखती ल्या पहिले !" ('किन ओखती खाइ नहाल्ने र ? सके यसबाट साँच्चै नै केही फाइदा पनि भैहालोस् !') उनले एक चम्चा ओखती खाइहाले । 'अहँ, यसबाट केही फाइदा हुने छाँट छैन । व्यर्थै हुनेछ । बित्थामा आफूलाई धोका दिनु हो यो !'– मुखमा त्यही परिचित खल्लो स्वादको अनुभूति हुनेबित्तिकै उनले निराश हुँदै विचार गरे ।

'यसबाट त अब मेरो विश्वासै समेत हराइसक्यो । यस गोडाले किन लगातार सताउने गर्छ ? केही बेर दुख्न छोडे पनि त हुन्थ्यो नि !' उनी पीडाले गर्दा कन्न लागे । प्योत्र तुरून्तै फर्किहाल्यो ।

"भैगो, तँ जा ! चिया लिएर आइज झट्टै !"

प्योत्र बाहिरियो । इभान इल्यीच कोठामा एक्लै रहे । असह्य पीडाको कारणले भन्दा पनि बढ्ता त मानिसक क्लेशको कारणले गर्दा उनी कन्न लागे । 'जहिले पनि उस्ताको उस्तै । दिन असाध्य लम्बिनेगर्छ भने रात चाहिं कहिल्यै पनि नबित्ने प्रतीत हुन्छ । त्यो छिट्टै आइहाले हुन्थ्यो । के छिटो आइहालोस् ? मृत्यु ! अन्धकार ! अहँ, नाइँ ! मृत्युभन्दा त अरू नै जे पनि राम्रो होला !'

किस्तीमा चिया-चमेना लिएर प्योत्र कोठाभित्र पस्यो । इभान इल्यीचले अन्यौलमा परे झैं गरी उसलाई ट्वाल्ल परेर निकै बेरसम्म हेरिरहे । त्यो को हो र के कामले आएको हो र के कामले आएको हो भन्ने उनले बुझ्नै सकिरहेका थिएनन् । उनले यसरी घुरेर हेरिरहेको देख्ता प्योत्रलाई केही लाज समेत लाग्यो । उसले संकोच मानेको देखेपछि इभान इल्यीच झसंग भए ।

"ए ! चिया ल्याइस् ! ठीक छ ! राखिदे त्यहीं !"–उनले भने ।

"अँ, मेरो हात-मुख धोइदे र सुकिलो कमीज पनि ल्याइदे !"

इभान इल्यीच हात-मुख धुन लागे । उनले बीच-बीचमा रोकिंदै बिस्तार-बिस्तार हात पखाले, मुख धोए, दाँत माझे, कपाल कोरे र ऐनामा आफ्नो अनुहार हेरे । ऐनामा आफ्नो मुहार देख्नेबित्तिकै उनी चकमन्न भए । खास गरेर उनी त्यतिखेर झस्किन पुगे जब उनले आफ्ने फुङ्ग उडेको ललाटमा कपाल स्याप्प टाँसिएको देखे ।

कमीज फेर्दाखेरि उनले के कुरा राम्ररी नै बुझिसकेका थिए भने यदि ऐनमा आफ्नो शरीर निहारेर हेर्ने हो भने अझ बढी भयंकर दृश्य देखिनेछ । तसर्थ उनले ऐनामा आफ्नो प्रतिबिम्बतर्फ हेरेनन् । आखिर नित्यक्रिया समाप्त भयो । उनले उपर्ना लगाए, सिरक ओढे र आराम कुर्सीमा बसेर चिया खान थाले । परन्तु चियाको चस्को लिन थाल्नासाथै फेरि दुख्न लागिहाल्यो र मुखको स्वाद पनि फेरियो । उनले जसोतसो चिया खाइसिध्याए र फेरि गोडा पसारेर लमतन्न परिहाले । यसरी बिछ्यौनामा पल्टनेबित्तिकै उनले प्योत्रलाई पनि बाहिर पठाइदिए ।

फेरि त्यहीं क्रम शुरु भयो । एक छिनको लागि आशाको लहर सञ्चार हुन्थ्यो, तर फेरि तत्कालै निराशाको महासागर उर्लन थालिहाल्थ्यो । जहिले पनि त्यही असह्य पीडा र त्यही दुर्दमनीय यातनाले उनलाई सताउन छोड्दैनथ्यो । जहिले पनि उनी विरक्त र शोकाकूल रहन्थे । एक्लै बसेको बेला त चिन्ता अझ बढी असह्य भएर आउँथ्यो । कसैलाई बोलाउने मन हुन्थ्यो, तर अरुको अगिल्तिर त यो अझ बढ्ता कष्टकर हुनेछ भन्ने उनलाई थाहा थियो । 'बरु फेरि पनि मलाई मार्फिन दिए हुन्थ्यो जसले गर्दा यो दुखाइ त बिर्सिनेथियो । मैले डाक्टरलाई अवश्य नै के भन्नुपर्ला भने उसले सोचविचार गरेर कुनै उपाय पत्ता लगाओस् ! यसरी त काम चल्न सक्तैन । यो एकदमै असह्य छ ।'

यस प्रकारले दुई घण्टा जति बित्यो । द्वारमण्डपमा कसैले घण्टी बजायो । सके डाक्टर आइपुग्यो होला । हो, डाक्टर नै रहेछ– रातोपीरो, स्फर्तिलो, मोटोघाटो, हँसिलो ! उसको अनुहारमा आत्मविश्वास, झल्किरहेको थियो, मानौं उसले भनिरहेको होस्– 'तपाई डराएको जस्तो देखिनुहुन्छ । चिन्ता गर्नुपर्ने कुनै कारण छैन । म सबै कुरा अहिलेको अहिल्यै ठीक पारिदिनेछु ।' अनुहारमा यस्तो भाव बोकेर त्यहाँ आउनु नै असंगतिपूर्ण छ भन्ने कुरा डाक्टरलाई थाहा नभएको होइन, तर उसले त सदासर्वदाको लागि नै यस्तो मुखमुद्राको मुखुण्डो लगाइसकेको छ र अब त्यसलाई फेर्नु पनि उसको बुतादेखि बाहिरको कुरा भइसकेको छ । यो त अब उसले एकाबिहानै आफ्नो निरीक्षण शुरु गर्दाखेरि लगाएको फ्रक-कोट फुकाल्नु जत्तिकै कठिन छ ।

डाक्टर रोगीलाई ढाडस दिने किसिमबाट आफ्नो हात मल्दैथियो ।

"मेरो हात नै चिसो भइसकेको छ । बाहिर ठिहिऱ्याउने जाडो छ । एक छिन हात तताइहालौं !"–डाक्टरले यो कुरा यस्तो पाराले भन्झो, मानौं एक छिन मात्र प्रतीक्षा गर्नु आवश्यक छ र जिउ अलिक तात्नेबित्तिकै सब कुरा ठीक हाइहाल्नेछ । अनि उसले सोध्यो– "भन्नोस्, कस्तो छ आज ?"

इभान इल्यीचलाई के प्रतीत भयो भने मानौं डाक्टरले सोध्न चाहेको होस्– 'हालखबर कस्तो छ ?' परन्तु यसरी सोधपूछ गर्नु उचित होवैन भन्ने उसले ठान्यो र प्रश्नलाई अर्कैतिर मोडेर सोध्यो, "भन्नोस्, राति कस्तो निद्रा पऱ्यो ?"

इभान इल्यीचले डाक्टरतर्फ यस्तो नजर दिए, मानौं उनले भन्न चाहेका होऊन्, 'के तपाईलाई झूठो बोल्न पनि लाज लाग्दैन र ?' तर डाक्टरले उनको भावलाई बुझ्न नै खोजेन ।

"ज्यादै सकस पाइयो । दुखेको दुख्यै छ ! पीडा न हराउँछ, न त कम नै हुन्छ । कुनै ओखती पाए हुन्थ्यो!"– इभान इल्यीचले जवाफ दिए ।

"बिरामी परेपछि तपाईहरू सबै नै उस्तैउस्तै हुनुहुन्छ ! ल, अब त मलाई पनि न्यानो भइहाल्यो जस्तो छ । अब ज्यादै सर्तक रहने प्रस्कोभ्या फ्योदोरोभ्नाले पनि मेरो शरीरको तापमानबारे कुनै चिन्ता गर्नुहुनेछैन । अँ, नमस्ते !"– डाक्टरले यसो भन्दै इभान इल्यीचसँग हात मिलायो ।

ख्यालठट्टा एकातिर पन्छ्याएर अब डाक्टर गम्भीर मुद्रा धारण गर्दै एकाग्र भएर रोगीको जाँच गर्न लाग्यो । उसले नाडी छाम्यो, ज्वर जाँच्यो, छातीमा ट्वाक-ट्वाक ठोकेर हेऱ्यो र मुटुको गति पनि सुन्यो ।

यो सब व्यर्थ हो, हाकाहाकी धोका हो भन्ने इभान इल्यीचलाई यकीन थाहा थियो, तर जब डाक्टर उनको सामुन्ने घुँडाले टेकेर उभिंदै केही अगिल्तिर झुकेर आफ्नो कान उनको छातीमा कहिले तल त कहिले माथि टाँसेर आँखा चिम्स्याउँदै र गम्भीर हुँदै आफ्नो शरीरको स्थितिमा तरह तरहको हेरफेर ल्याएर उनको जाँच गर्न लाग्यो, त्यतिखेर इभान इल्यीच त्यसै गरी उसको प्रभावमा परिहाले जसरी उनी स्वयं अधिवक्ताहरूको व्याख्यानको प्रभावमा पर्ने गर्थे, यद्यपि झूठो बोल्दैछन् भन्ने मात्र होइन, किन झूठो बोल्दैछन् भन्ने समेत उनलाई राम्रैसँग थाहा थियो ।

सोफामा घुँडाले टेकेर डाक्टर अझै पनि इभान इल्यीचको छातीमा ट्वाक-ट्वाक गरेर ठोक्दै थियो । त्यत्तिकैमा दैलोतिर रेशमी लुगोको सरसराहट र प्रस्कोभ्या फ्योदोरोभ्नाको स्वर पनि सुनियो । आफूलाई डाक्टर आइसकेको खबर नगरिएकोमा उनी प्योत्रलाई झपारिरहेकी थिइन् ।

उनले भित्र पस्नासाथै आफ्ना पतिलाई चुमिन् र के भनेर सफाई दिन लागिन् भने ब्युँझन त उनी धेरै पहिले नै ब्युँझिसकेकी थिइन्, परन्तु केही तालमेल नमिलेको कारणले गर्दा मात्रै डाक्टर आइपुग्दा उनी कोठामा उपस्थित रहन नसकेकी हुन् ।

इभान इल्यीचले उनीतर्फ पुलुक्क हेरे । पत्नीलाई शिरदेखि पैतालासम्म ध्यान दिएर हेर्दा उनको भित्री मनमा कटुता भरिएर आयो । पत्नीको ज्यादै गोरो छाला, हृष्टपुष्ट जिउ, सफासुग्घर हात र गर्दन, चिल्ला कपाल, चम्किला आँखा-अंगप्रत्यङ्गबाट जीवनको रस टप्किरहेको थियो । इभान इल्यीचको अन्तरात्माको अन्तरकुन्तरसम्म पत्नीप्रति घृणा भरिएर आयो । पत्नीको स्पर्शले इभान इल्यीचको सम्पूर्ण जिउभरि नै घृणा र विद्वेषको एक लहर चल्यो ।

पति र उनको रोगप्रति प्रस्कोभ्या फ्योदोरोभ्नाको धारणामा कुनै परिवर्तन आएको थिएन । जसरी डाक्टरले आफ्ना रोगीहरूप्रति कुनै एउटा धारणा स्थिर गरेपछि त्यसलाई बदल्न सक्दैन त्यसरी नै उनले पनि आफ्ना पतिको सम्बन्धमा एउटा धारणा स्थिर गरिसकेकी थिइन्–त्यो के त भने आफ्नो रोगको लागि उनी स्वयं नै दोषी छन् र उनी यस्तो कामकुरा गर्छन् जुन उनले गर्नु ठीक हुँदैनथ्यो । अनि लाडिलो भएर उनी यसको लागि पतिको भर्त्सना समेत गर्थिन् । उनी यस धारणालाई फेर्न पनि सक्दैनथिन् ।

"यिनी त कसैले भनेको सुन्ने हुन् र ? बेला-बेलामा औषधि समेत खाँदैनन् । मुख्य कुरा त के भने जसरी गोडा माथितिर फैलाएर यिनी पल्टिरहनेगर्छन् त्यसबाट त यिनको स्वास्थ्यामा जरूर पनि धक्का पुग्दो हो !"

गेरासिमलाई गोडा उचाल्न लगाएर इभान इल्यीच कसरी पल्टिरहनेर्छन् भन्ने पनि उनले बताइन् ।

डाक्टरका ओठमा घृणामिश्रित स्नेहले भरिएको मुस्कान देखापऱ्यो । उसको भावभगिंमाले यही भनिरहेको थियो, 'गर्न नै पो के सकिन्छ र ? यी रोगीहरू नाना थरीका नाटीकुटी त गर्दैरहन्छन् नाइँ ! जे होस्, उनीहरूलाई माफ गरिदिनै पर्छ हामीले !'

जाँच्न सिध्याएर डाक्टरले आफ्नो घडीतर्फ हेऱ्यो । त्यत्तिकैमा प्रस्कोभ्या फ्योदोरोभ्नाले के भन्न शुरु गरिने भने इभान इल्यीचलाई राम्रो लागोस् वा नलागोस् तर एक प्रसिद्ध डाक्टरलाई पनि आज उनले निम्त्याएकी छिन् र त्यो डाक्टर तथा मिखाइल दानिलोभिच (यो चाहिं साधारण डाक्टरको नाम थियो) दुवैले मिलेर जाँचून् र आसमा छलफल गरून् ।

"कृपया तपाईं यसको विरोध नगर्नुहोला ! यो त म आफ्नै लागि गर्दैछु ।" उनले व्यंग्यपूर्वक भनिन् । यसरी उनले यो सब प्रबन्ध उनैको लागि गरेकी हुन् भन्ने बोध गराउनाको लागि उनले नाइँनास्ति समेत गर्न नसकुन् भन्ने चाहेकी थिइन् । इभान इल्यीचले मुख बिगारे, तर बोल्न चाहिं केही पनि बोलेनन् । आफू झूटैझूठको यस्तो कुचक्रमा फसेको जस्तो उनलाई लाग्यो जहाँ सत्य के हो र असत्य के हो भन्ने ठम्याउन समेत उनलाई गाह्रो भइरहेको थियो ।

वास्तविकता चाहिं के थियो भने प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्नो पतिको निम्ति जे जसो गरिरहेकी थिइन् सो सबै आफ्नै निम्ति नै गरिरहेकी थिइन् । फेरि म आफ्नो लागि नै यो सब गरिरहेकी छु भनेर उनी भन्थिन् भने गर्न पनि आफ्नै निम्ति गर्थिन् । परन्तु जुन ढंगले उनी यो भन्थिन् त्यसबाट यो असम्भव लाग्नेगर्थ्यो र जे जसो भइरहेको छ सो सबै आफ्नै निम्ति भइरहेको छ भन्ने इभान इल्यीचले सम्झनुपर्थ्यो ।

हुन पनि ठीक साढे एघार बजे प्रसिद्ध डाक्टर आइपुग्यो । फेरि इभान इल्यीचको शरीरको जाँच गरियो र उनको सामुन्ने तथा बगलको कोठामा पनि मिर्गौला र बोसेआन्द्राको बारेमा विद्वतापूर्ण कुराकानी भयो । गम्भीर मुद्रामा प्रश्नोत्तरहरू गरिए, मानौं प्रश्न चाहिं जीवन र मरणको होइन, बरु प्रश्न त मिर्गौला र बोसेआन्द्राको मात्रै पो हो जसले आफ्नो नियमित कार्य सम्पन्न गरिरहेका थिएनन् र जसलाई अब एक छिनमै मिखाइल दानिलोभिच तथा प्रसिद्ध डाक्टरले ठीकसित चल्न लगाउनेछन् ।

गम्भीर तर निराशाको भाव नझल्किने मुद्रा धारण गरेर प्रसिद्ध डाक्टर बिदाबारी भयो । इभान इल्यीचले भय र आशाद्वारा चम्किएका आँखा माथि उठाएर डाक्टरलाई हेर्दै 'के मलाई बिसेक होला त ?' भन्ने प्रश्न सोध्दा 'पूरा विश्वासका साथ केही पनि भन्न नसकिने भए पनि यसको सम्भावना चाहिं जरूर नै छ' भनेर डाक्टरले जवाफ दियो । कोठाबाट बाहिर निस्कन लागेको डाक्टरलाई इभान इल्यीचले आफ्नो नजरले दैलोसम्म पछ्याए । उनको नजरमा आशाको झलक कतिसम्म हृदयविदारक थियो भने प्रसिद्ध डाक्टरको फीस दिन भनेर कोठाबाट बाहिर निस्कन लाग्दा प्रस्कोभ्या फ्योदोरोभ्नाका आँखाबाट समेत बरर आँसु झरेका थिए ।

डाक्टरको ढाडसबाट इभान इल्यीचको हौसला फेरि बढ्यो । तर त्यो धेरै बेरसम्म टिकेन । फेरि त्यही कोठा, त्यही चित्रपटहरू, त्यही पर्दा, त्यही भित्तेकागज, त्यही साजसामान र त्यी पीडा एवं यन्त्रणाले ग्रस्त देह । इभान इल्यीच दाह्रा किटेर कन्न लागिहाले । उनलाई एउटा सुई लगाइयो र उनी अचेत भइहाले ।

जतिखेर उनी होशमा आए त्यस बेला झमक्क साँझ परिसकेको थियो । उनको निम्नि खाना ल्याइयो । उनले अलिकति सुरुवा बल्लतल्ल खाए । फेरि सबै कुरा उस्तै-उस्तै भइरहेको थियो । फेरि रात पर्न थालिरहेको थियो ।

भोजनपछि सात बजे प्रस्कोभ्या फ्योदोरोभ्ना कोठाभित्र पसिन् । बाहिरतिर जानको निम्ति उनले लुगा फेरेकी थिइन् । मुखमा पाउडर घसिएको थियो, फुक्क उठेको वक्ष बेसरी कसेर बाँधिएको थियो । बिहान सबेरै नै उनले इभान इल्यीचलाई साँझपख परिवारका सबै मान्छेहरू थिएटरमा जाने कुराको सम्झना गराइसकेकी थिइन् । सार्रा बेरनार (प्रसिद्ध फ्रान्सेली अभिनेतृ । सन् १८८१-१८८२ को हिउँदमा पहिलोपल्ट रूसमा आएकी थिइन् ।) त्यस नगरमा आइरहेकी थिइन् । इभान इल्यीचले कर गरेको हुँदा नै उनीहरूले टिकट किनेका थिए । परन्तु अहिले उनले यी सबै कुरा भुसुक्कै बिर्सिसकेका थिए र पत्नीको यस्तो ठाँटबाट देखेर उनको मनमा चोट परेको थियो । परन्तु उनैको आग्रहमा उनीहरूले नाटक हेर्ने चाँजापाँजो मिलाएका थिए भन्ने सम्झना हुनेबित्तिकै उनले आफ्नो मनको भावनालाई मनैमा दबाएर राखे । हुन पनि कलात्मक अभिनय हेरेर केटाकेटीहरूले राम्रो शिक्षा पाउन सक्छन् भनेर उनैले त भनेका पनि थिए ।

प्रस्कोभ्या फ्योदोरोभ्ना आत्मसन्तुष्ट तर आफूलाई केही अपराधी ठान्दै कोठाभित्र पसिन् । उनी थचक्क बसिन् र पतिको स्वास्थ्यबारे सोधपूछ गर्न लागिन् । उनी यसरी सोधेर औपचारिकता मात्रै पूरा गर्दैछिन् भन्ने पनि इभान इल्यीचलाई थाहा थियो । केही थाहा नै पाउने उद्देश्यले चाहिं उनी सोधिरहेकी थिइनन् । फेरि थाहा पाउनुपर्ने कुरा नै पो के थियो र ? उनी जे कुरा गर्दैथिइन् त्यो त सिर्फ औपचारिकता मात्रै थियो । उनी के भन्दै थिइन् भने टिकट मात्रै नकिनिएको भए उनी त जाने नै थिइनन् । हेलेन, छोरीमैयाँ र पेत्रिश्चेभ (अनुसन्धानु-निरीक्षक, छोरीको भावी दुलहा) तीनै जना जान चाहन्थे र उनीहरूलाई एक्लै जान दिनु पनि ठीक हुँदैनथ्यो । नत्र उनको लागि त लोग्नेकै छेउमा बसिराख्नु नै कता हो कता रमाइलो हुनेथियो । उनको अनुपस्थितिमा डाक्टरले भने जस्तै मात्र इभान इल्यीचले गरे बेस हुनेथियो ।

"अँ, फ्योदोर पेत्रोभिच (छोरीको भावी दुलहा) तपाईंसित भेटघाट गर्न चाहन्छन् । के उनलाई भित्र बोलाऊँ ? लीजा पनि भेट्न चाहन्छे ।"

"आउन् न त भित्र !"

छोरी भित्र पसी ।उसको शरीरको अधिकांश हिस्सा नाङ्गै थियो । उसको जिउ सुकोमल र स्निग्ध थियो, जब कि इभान इल्यीचको जिउ चाहिं असह्य पीडाले गर्दा छटपटाइरहेको थियो । ऊ आफ्नो शरीरको प्रदर्शन गरिरहेकी थिई । ऊ स्वस्थ र हृष्टपुष्ट थिई, सके प्रेममा ऊ चुर्लुम्म डुबेकी थिई र बाबुको बिरामी, यन्त्रणा र आसन्न मृत्युबाट उसको सुखमा केही आँच परिरहेको हुँदा ऊ केही रूष्ठ पनि थिई ।

फ्योदोर पेत्रोभिच पनि भित्र पस्यो । उसले चिटिक्क परेका फ्रक-कोट लगाइराखेको थियो । केश चाहिं छाँटले धुम्रिएको थियो, नसा फुलेको लामो गर्दनमा कलफ लगाइएको सेतो कलर टम्म मिलेको थियो, छातीमा पनि सेतो कमीज देखिन्थ्यो, पुष्ट पिंडौलामा चाहिं कालो सुरूवाल टिनिक्क कसिएको थियो, अनि एउटा हातमा सेतो पञ्जा लगाइराखेको थियो भने अर्को चाहिं हातले दोब्रिने टोप समातिराखेको थियो ।

उसको पछि लागेर इभान इल्यीचको छोरो पनि बिस्तारै सुटुक्क भित्र पस्यो । ऊ जिम्नेजियममा पढ्दैथियो र उसले नयाँ पोशाक लगाइराखेको थियो र हातमा पञ्जा थियो । विचरा ! उसको आँखाको मुन्तिर त्यो कालो घेरा थियो जसको अर्थ इभान इल्यीचलाई राम्रै थाहा थियो ।

इभान इल्यीचलाई आफ्नो छोरोप्रति सधैं दया जागेर आउँथ्यो । किन्तु अहिले चाहिं उसको भयातुर र सहानुभूतिपूर्ण नजर देख्दा उनलाई डर लाग्न थालेको थियो । इभान इल्यीच के अनुभव गर्दैथिए भने गेरासिमलाई छोडोर भास्या मात्रै एक जना यस्तो व्यक्ति छ जो उनलाई बुझ्दछ र जसको मनमा उनीप्रति सहानुभूति पनि छ ।

सबै जना लहरै बसे । सबैले फेरि पनि इभान इल्यीचको स्वास्थ्यबारे प्रश्न गरे । अनि एक छिन सबै चूप लागे । लीजाले आमासँग नाटक हेर्ने दूरबीनको विषयमा सोधी त्यो दूरबीन कसले कहाँ राखिदियो भन्ने प्रश्नलाई लिएर आमा र छोरीबीच सानो बखेडा खडा भइहाल्यो । ज्यादै अप्रिय घटना घटिहाल्यो ।

फ्योदोर पेत्रोभिचले इभान इल्यीचसँग उनले सार्रा बेरनारको अभिनय देखेका छन् कि छैनन् भन्ने प्रश्न सोध्यो । इभान इल्यीचले शुरूमा त यस प्रश्नलाई बुझ्दा पनि बुझेनन्, तर पछि उनले भने– "अहँ ! के तपाईंले देख्नु भएको छ त ?"

"हो ! 'आद्रिएना लेकुभ्रेर' (फ्रान्सकी प्रसिद्ध अभिनेतृ आद्रिएना लेकुभ्रेरको हृदयविदारक प्रारब्धबारे फ्रान्सेली नाटककारद्वय ओग्यूस्टेन स्क्रीब (सन् १७९१-१८६१) र गाब्रिएल लेगुभे (सज् १७६४-१८१२)को नाटक) हेर्दाखेरि देखेको थिएँ ।"

प्रस्कोभ्या फ्योदोरोभ्नाको भनाइ के रह्यो भने अमुक नाटकमा सार्रा बेरनारको अभिनय विशेष मनमोहन थियो । तर छोरी चाहिंको राय बेग्लै थियो । अनि त अभिनेतृको अभिनयकलाको स्वाभाविकता र आकर्षणबारे बकहस चल्न थालिहाल्यो । त्यस बहसमा दुवैले त्यही कुरा भने जस्तो सधैं नै यस किसिमको प्रसंगमा भनिनेगरिन्छ ।

कुराकानी चल्दाचल्दै फ्योदोर पेत्रोभिचको दृष्टि इभान इल्यीचमा पऱ्यो र ऊ चूप लागिहाल्यो । अरूहरूले पनि उनीतर्फ पुलुक्क हरे र मौन भइहाले । इभान इल्यीच आफ्नो अगाडि हेर्दैथिए, रीसले गर्दा उनका आँखा चम्किरहेका थिए । उनी आफ्नो क्रोध लुकाऊँ भनेर पनि लुकाउन सकिरहेका थिएनन् । केही त अवश्य नै गरिनुपर्थ्यो, तर गर्न के नै सकिन्थ्यो र ? मौनता भंग गरिनुपर्थ्यो, परन्तु कसैमा पनि यस्तो आँट थिएन । सबे नै त्राहिमाम् थिए, कतै यस झूठको भेद त खुल्नेहोइन भनेर । शिष्टताको ख्याल राखेर त्यो झूठलाई कायम राखिएको थियो र सारा कुरा सबैको अगाडि छर्लङ्ग हुन सक्थ्यो । सबभन्दा पहिले लीजाले नै साहस बटुली र मौनता भंग गरी । उसले पनि त्यतिखेर सबैले जुन कुरा अनुभव गरिरहेका थिए त्यसलाई दबाएर नै राख्न नखोजेकी होइन, तैपनि उले त्यस भावनालाई उदाङ्गो नै पारिदिई ।

"यदि जाने नै हो भने उठिहालौं !"– उसले आफ्नो घडीतर्फ हेर्दै भनी । त्यो घडी उसले आफ्ना पिताजीबाट उपहारस्वरूप पाएकी थिई । त्यतिखेर उसको अनुहारमा एक महत्त्वपूर्ण मृदुमुस्कान पनि देखियो जुन अरू कसैले पनि चाल पाउन सकेन र जसको अर्थ उसलाई र उसको प्रेमाभिलाषीलाई मात्र थाहा थियो । अनि लुगाको सरसर आवाज निकाल्दै ऊ जुरूक्क उठि पनि हाली ।

सबै आ-आफ्नो ठाउँबाट उठे र बिदाबारी भएर हिंडिहाले ।

उनीहरू सबै बाहिर निस्किसकेपछि इभान इल्यीचलाई जिउ केही चङ्गा भएको जस्तो लाग्यो । जे भए पनि त्यस झूठबाट चाहिं उनले छुटकारा पाइसकेका थिए । उनीहरूकै पछि लागेर त्यो झूठ पनि गइसकेको थियो । परन्तु पीडाबाट भने मुक्ति पाइएन । त्यही पुरानो पीडा ! त्यही पुरानो त्रास ! यसभन्दा बढी निर्मम कुरा अरु केही थिएन । त्यो कत्ति पनि साम्य हुँदैनथ्यो । बरू त्यो त अझ तीव्र हुँदै थियो । फेरि त्यसै गरेर मिनेटपछि मिनेट गर्दै घण्टापछि घण्टा बित्न लागे । सबै कुरा पहिलेकै जस्तो थियो र त्यसको कुनै अन्त्य नै देखिंदैनथ्यो । त्यसमाथि पनि अनिवार्य अन्त्यको भयले सताउन लाग्यो ।

"हो, गरोसिमलाई भित्र पठाइदेऊ !"– प्योत्रको प्रश्नको उत्तर फर्काउँदै उनले भने ।

» (क्रमश...)

# श्रमशक्तिको विश्व बजार र असमान ज्याला



रामचन्द्र श्रेष्ठ

श्रमको विश्व बजारको उदयबारे बुझ्न पूँजीवादको उदय र विस्तार बुझ्न जरुरी छ ।

उपभोगका लागि उत्पादनको चरण पार गरेर जब विनिमयका लागि उत्पादन हुन थाल्यो, त्यसलाई पूँजीको उदय मानियो । जबसम्म आफू र परिवारको आवश्यकताका लागि त्यति नै मात्रामा उत्पादन हुन्थ्यो, त्यो उपभोगका लागि उत्पादन थियो । जब त्यसभन्दा बढी उत्पादन गरेर सञ्चय र बिक्री-विनिमयको उद्देश्य राखी उत्पादन सुरु गर्न थालियो त्यसले पूँजीको उदाय गरायो । यी दुईथरी उत्पादन र तिनको विनिमयको प्रकृतिलाई मार्क्सले सुत्रबद्ध गरेका छन् । विनिमयको शुरुवाती रूप हो : माल-मुद्रा-माल । अर्थात्, उत्पादित वस्तुलाई मुद्रासँग साटिन्थ्यो । त्यो मुद्रा अर्को आवश्यक वस्तुको खरीदमा प्रयोग हुन्थ्यो । सारमा, आफूसँग नभएको वस्तु किन्ने उद्देश्यका लागि भएको वस्तु बेचिन्थ्यो । कुनै किसानले आफूले उत्पादन गरेको धान पैसासँग साटेर त्यो पैसाले तेल किन्दा यही सुत्र लागु हुन्थ्यो । यो प्रक्रिया उपभोग मूल्यबाट शुरु भएको छ र उपभोग मूल्यमै अन्त्य भएको छ । यसमा शुरुको भाग माल-मुद्रा र दोस्रो भाग मुद्रा-मालमा घटबढ हुँदैन ।

विनिमयको अर्को स्वरूप होः मुद्रा-माल-मुद्रा' । यो प्रक्रियामा व्यापारीले उत्पादकलाई पैसा तिरेर माल किन्छ र उक्त माल त्योभन्दा बढी मुल्यमा बेच्छ । अर्थात्, विनिमयको दोस्रो हिस्सा (माल-मुद्रा') विनिमयको पहिलो हिस्सा (मुद्रा-माल)भन्दा बढी हुन्छ । (पूँजी, मार्क्स, खण्ड १ (पाना नं. १०६-१५३, मस्को प्रकाशन) ।

जब यसरी असमान विनिमयको आधारमा व्यापारीले नाफा गर्न थाले यो नै पूँजीवादको शुरुवाती चरण थियो । यो चरणमा व्यापारिक पूँजी हावी थियो । यो अवधिमा साना-साना तर धेरै उत्पादकहरू (किसान/कालीगढ/शिल्पशाला) को सामान व्यापारीले खरीद गर्थे । व्यापारी उत्पादकमाथि हावी हुन्थे ।

त्यसबेला व्यापारीहरू बजारका लागि प्रतिस्पर्धा गर्थे तर त्यो एक्लाएक्लै सम्भव थिएन । त्यसैले साझा स्वार्थको लागि व्यापारिक समूहहरू बन्न थाले । त्यसैक्रममा 'इष्ट इण्डिया कम्पनी', 'भर्जिनिया कम्पनी', 'डच इष्ट इण्डिया कम्पनी' जस्ता 'संयुक्त पूँजी कम्पनी'हरू स्थापित भए । त्यहीं समयदेखि नै बजारमा कब्जा जमाउनका लागि होडबाजी भए । कैयन् युद्धहरू भए । त्यस्तै, व्यापारका लागि आवश्यक पर्ने ठूलो मात्राको लगानी जुटाउन र त्यसलाई परिचालन गर्नको लागि बैंकहरू स्थापित भए । बैंक भनेकै मुद्राको खरीद तथा बिक्री गर्ने पसल हो ।

तर, बजारको लागि उत्पादनको अभाव थियो । त्यो अभाव पूर्ति गर्ने क्रममा वाष्प इञ्जिन र आधुनिक प्रविधिको विकास भयो । हाते कारखानाहरूको ठाउँ प्रविधियुक्त उद्योगहरूले लिए । मेसिनको आविष्कारले एकैपटक धेरै वस्तु उत्पादन हुन थाल्यो । अब व्यापारीक पूँजीको ठाउँ औद्योगिक पूँजीले लिन थाल्यो । उद्योगपतिहरू व्यापारीमाथि हावी हुन थाले । उत्पादनको क्षमतामा वृद्धि र बजारको विस्तारले पूँजीपतिहरूबीच प्रतिस्पर्धा पनि बढाउँदै लग्यो । धेरैभन्दा धेरै उत्पादन गर्ने र बढीभन्दा बढी बजार कब्जा गर्ने होडबाजी चल्न थाल्यो । यो प्रतिस्पर्धामा टिक्न नसक्नेहरू टाट पल्टदै गए भने टिक्नेहरू एकाधिकारको रूपमा उदाउँदै गए ।

औद्योगिक पूँजीको दबदबा सिंगो पूँजीवादको इतिहासमा साह्रै कम समयसम्म रह्यो । औद्योगिक पूँजीको स्थान छिट्टै बैंक पूँजीले लियो । यसैलाई नै वित्तीय पूँजी भनिन्छ ।

अहिले हामी नवउदारवादी चरणमा छौ । दोस्रो विश्वयुद्ध अघिजस्तो साम्राज्यवादी एकल शक्ति अस्तित्वमा छैन । तर, एकाधिकार वित्तीय पूँजीको दबदबा छ । सन् १९९० पछि हावी भइरहेको नवउदारवादको चंगुलमा परेका विश्वका कम विकसित राष्ट्र-राज्यहरू कमजोर भईरहेका छन् । नवउदारवादी नीति अनुसार नै श्रम बजारमा सरकारी नियन्त्रण कमजोर हुँदै गएको छ । सरकारी हस्तक्षेपको कमीका कारण नियमन र नियन्त्रण खुकुलो हुनजाँदा श्रम बजारमा अराजकता फस्टाउँछ । जुन नेपाल जस्ता देशका श्रमिकहरूले भोगिरहेका छन् ।

बहुराष्ट्रिय कम्पनीहरूको उदयसँगै एकाधिकार वित्तीय पूँजीले विश्व भ्रमण गरिरहेछ । उत्पादन कुनै एउटा देशमा सीमित छैन । उत्पादन बहुराष्ट्रियकरण भईरहेछ । उत्पादन स-सानो हिस्सामा विभाजित भएको छ । यसका लागि उत्पादनका हिस्साहरूलाई ठेकेदारीमा दिइएको छ भने वस्तु उत्पादनका उद्योगहरूलाई भारीमात्रामा स्थानान्तरण गरिएको छ । नवमार्क्सवादीहरू यो स्थानान्तरणलाई उत्तर (विकसित उत्तर युरोपेली र उत्तर अमेरिकीदेशहरू– ग्लोबल नर्थ) देखि दक्षिण (कम विकसित एसियाली, अफ्रिकी, दक्षिण अमेरिकी– ग्लोबर साउथ) मा स्थानान्तरण भन्छन् ।

दोस्रो विश्वयुद्ध पश्चात नै वस्तु उत्पादन सस्तो करप्रणाली, सस्तो श्रम र न्युन नियमन भएको क्षेत्रमा स्थानान्तरण हुन थाल्यो । मासु प्याकेङ गर्ने कम्पनी, स्मीथफिल्ड, अमेरिकी वातावरणीय कानुनका कारण भर्जिनियाबाट नर्थ क्यारोलिनामा स्थानान्तरण भयो । त्यस्तै 'जनरल मोटर्स्' मिसिगनबाट मेक्सिकोमा स्थानान्तरण भयो। उत्तरबाट दक्षिणमा वस्तु उत्पादनको स्थानान्तरणको प्रक्रिया सन् १९६० र ७० को दशकबाट तीव्र हुन थाल्यो । जसअनुसार सस्तो श्रम उपलब्ध भएको देश (दक्षिण)मा जुत्ता, कपडा, खेलौना तथा विद्युतीय सामग्रीहरूको उत्पादन गर्न थालियो भने उत्तरमा टेस्को, वालमार्ट, क्यारीफोर जस्ता आधुनिक विश्वव्यापी खुद्रा विक्रेताहरू स्थापना गरियो।

यसरी गरिएको स्थानान्तरण तरिका पनि एकैप्रकारको छैन । कतै उत्पादन नै स्थानान्तरण गरिएको छ । यसको लागि प्रत्यक्ष वैदेशिक लगानी निर्यात गरिएको छ भने कतै ठेकेदारी दिइएको छ । उत्पादनका हिस्साहरू पनि विभिन्न देशमा बाँडिएको छ । सारमा, मूल्य उत्पादनलाई पनि हिस्साहरूमा बाँडफाँड गरिएको छ । उत्पादनको बहुराष्ट्रियकरण गरिएको छ ।

उत्पादनको बहुराष्ट्रियकरणको एउटा उदाहरण डी.पी.ढकालले यसरी प्रस्तुत गर्छन्ः

"नेपालको 'गोल्छा अर्गनाइनेसन'ले उत्पादन गर्ने हुलास जस्तापातालाई नै हेर्दा हुन्छ । दक्षिण अफ्रिका र भारतका खानी उद्योगहरूले दक्षिण कोरियामा कच्चा पदार्थ सप्लाई गर्दछन् । दक्षिण कोरियाले स्टिल, फलाम र जिङ्क उत्पादन गर्दछ । नेपालको गोल्छा अर्गनाइजसनले तिनै सामग्रीहरूसहित जापानी प्रविधिको प्रयोग गरेर विभिन्न आकारप्रकार र रङ्गका जस्तापाता उत्पादन गर्दछ । नेपालका गाउँघरहरूमा प्रयोग भइरहेको जस्तापातामा जापान, भारत, दक्षिण अफ्रिका, कोरिया आदि देशको कच्चा पदार्थ, पूँजी, प्रविधि र श्रमशक्ति प्रयोग भएको छ ।" ('अर्थ-राजनीतिक विकासक्रम' पाना नं.११४)

उत्पादनको बहुराष्ट्रियकरण गर्नुको खास कारण सस्तो श्रमको खोजी नै हो । त्यसैले जहाँजहाँ ज्याला सस्तो छ त्यहाँ उद्योगहरू खोलिएका छन् वा त्यहाँका मजदूरहरू लगिएका छन् । यसरी श्रमशक्तिको ओसारपसार भईरहेको छ । नवउदारवादी नीतिअनुसार राष्ट्र-राज्यका सीमाहरू खुकुला भएका छन् । एकाधिकार वित्तीय पूँजीले संसार परिभ्रमण गरिरहेको छ । साथै, यसले श्रमशक्तिको ओसारपसार पनि विगतका कुनै पनि साम्राज्यवादी अभ्यासभन्दा बढी घनत्वका साथ भईरहेको छ ।

उत्पादनको स्थानान्तरणको कारण धेरै हुनसक्छन् । प्राकृतिक स्रोतको प्रचुरता, भूराजनीतिको दृष्टिकोणले रणनीतिक बिन्दु, वातावरण आदि । तर, मुख्य कारण सस्तो श्रमको उपलब्धता हो । सस्तो श्रमशक्ति ओसारपसारको यो विश्वव्यापी सञ्जाललाई 'ग्लोबल लेबर आर्बिटेज' (श्रमको विश्वव्यापी सञ्जाल) भनिन्छ । 'एक्काइसौं शताब्दीमा साम्राज्यवाद– इम्प्रेलिजम इन ट्वान्टी फर्स्ट सेन्चुरी) का लेखक जोन स्मिथले 'ग्लोबल लेबर आर्बिटेज'लाई नै उत्पादनको विश्वव्यापीकरणको मुख्य चालक शक्ति भनी विश्लेषण गरेका छन् । जसअनुसार 'श्रम अहिले अन्तर्राष्ट्रिय माल' बनेको छ ।

सस्तो श्रमको अवस्थाबारे एउटा उदाहरण हेरौं । सन् २०११ को तथ्यांक अनुसार, टेक्सटाइल उद्योगमा प्रतिघण्टा ज्याला, विकसित देशहरूमा औसत १६.८० डलर थियो भने विकासशील देशहरूमा २.१६ डलर । यो प्रतिघण्टा ज्याला (डलरमा) स्वीजरल्याण्डमा ३५.३३, बेल्जियममा ३०.४२, जापानमा २७.७७, जर्मनीमा २७.६९, अष्ट्रियामा २४.५५, फ्रान्समा २१.०३, बेलायतमा २०.१७, संरा अमेरिकामा १५.७८ थियो भने मलेसियामा १.१८, इजिप्टमा ०.८२, केन्यामा ०.६७, भारतमा ०.६७, इण्डोनेशियामा ०.५५, बंगालदेशमा ०.२८ थियो । ज्यालाको यो असमान दरले एकाधिकार वित्तीय पूँजी किन विकसित देशबाट अविकसित देशमा स्थानान्तरण भइरहेको छ भन्ने पुष्टि गर्दछ ।

उत्पादनको विश्वव्यापीकरणका क्रममा वस्तु उत्पादनका उद्योगहरू दक्षिण (अविकसित, विकासशील, उदाउँदा)का देशहरूमा फैलिएको छ । तर, यो फैलावट पनि समानुपातिक छैन । दक्षिणका केही खास देश र केही खास क्षेत्रहरूमा औद्योगिकरण केन्द्रीकृत भएका छन् । त्यसै कारणले श्रमशक्तिको बसाइसराइ पनि अल्पविकसित देशबाट विकसित देशमा भन्दा बढी अल्पविकसितबाट विकासशील देशहरूमा धेरै छ । यो समग्र प्रक्रियाले दक्षिणमा औद्योगिक मजदूरको घनत्व बढाएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको विभिन्न प्रतिवेदनहरू अनुसार विश्वको औद्योगिक मजदूरको प्रतिशत 'कम विकसित क्षेत्र'मा बढ्दो क्रममा छ भने 'अति विकसित क्षेत्र'मा घट्दो क्रममा छ । सन् २०१० मा संसारका ७९ प्रतिशत औद्योगिक मजदूरहरू 'कम विकसित क्षेत्र'मा बस्दथे, जुन प्रतिशत सन् १९८० मा ५३ थियो भने सन् १९५० मा ३४ प्रतिशत मात्र थियो ।

नेपालबाट विकासशील खाडी मुलुक, मलेसिया वा दक्षिण कोरिया लगायतमा भईरहेको श्रम प्रवासनको कारण सन् १९७० को दशकबाट शुरु भएको पूँजीवादको नयाँ चरण नै हो । जसले सन् १९९० पछि गति पायो । 'ग्लोबल भ्यालु आर्बिटेज'ले नै श्रमशक्तिको अन्तर्राष्ट्रिय बजार सिर्जना गरेको छ । जहाँ विश्वका अल्पविकसित देशका मजदूरहरू सस्तो ज्यालामा आफ्नो श्रमशक्ति बेचिरहेका छन् । अथवा, बहुराष्ट्रिय पूँजीले अल्पविकसित देशका श्रमशक्ति शोषण गरिरहेको छ ।

उत्पादनको विश्वव्यापीकरण र श्रमशक्तिको बसाइसराइ बहुराष्ट्रिय कम्पनीका मालिक पूँजीपतिहरूको रणनीति हो । वर्तमान मजदूर आन्दोलनका अध्येता इम्यानुएल नेसले यो रणनीतिको विस्तृत चर्चा गरेका छन् । १९ औ र २० औ शताब्दीमा युरोप र अमेरिकामा भएका मजदूर आन्दोलनहरू तथा ट्रेड युनियनहरूको स्थापनाले ज्यालामा वृद्धि, कार्यस्थलमा सुधार र श्रम कानुनहरू स्थापित गर्न सफल भयो । त्यसैले अहिले पूँजीले श्रमको उच्च उपलब्धता भएको क्षेत्रहरू खोज्यो जसले गर्दा स्थापित मजदूर अधिकारबाट भाग्न सकियोस् र प्रचुर नाफा उपलब्ध हुन सकोस् । अहिले उत्तरमा सेवाक्षेत्रलाई बढी जोड दिइएको छ । त्यसैले उत्तरमा व्यापारीक कम्पनीहरू स्थापित भईरहेका छन् भने दक्षिणमा वस्तु उत्पादनका उद्योगहरू बढिरहेका छन् । न्युन लगानीको क्षेत्रहरूमा वित्तिय लगानी स्थानान्तरण गर्दा उत्तरका मजदूरहरूको मोलतोल गर्ने क्षमता घट्दै गइरहेको इम्यानुएल नेस उल्लेख गर्छन् ।

इम्यानुएल नेसका अनुसार उत्तरका उद्योगका ठूला र लडाकु ट्रेड युनियनहरू अहिले खिइँदै गएका छन् । अहिले उत्तरका युनियनहरूमा सेवा क्षेत्र र सरकारी कर्मचारीहरूको दबदबा छ जो खानी र वस्तु उत्पादनका मजदूरहरू जस्तो लडाकु छैनन् । उत्तरका मजदूर आन्दोलनलाई टार्नको लागि वस्तु उत्पादनलाई दक्षिणमा स्थानान्तरण गरिएको छ ।

त्यसो भए दक्षिणमा मजदूर आन्दोलनको स्थिति के छ ? दक्षिणका उत्पादन क्षेत्रहरूमा प्रायः आप्रवासी मजदूरलाई जोड दिइएको छ । आफ्नो देश छोडेको मजदूर पराई देश, फरक भाषा-संस्कृतिमा एक्लो हुन्छ। एक्ला मजदूरहरूले युनियनहरू पनि खोल्न सक्दैनन् र राजनीतिक रूपमा संगठित हुन पनि गाह्रो हुन्छ ।

श्रम शोषणको यो उपाय एक देशभित्र पनि लागु हुन्छ । भारतको राजधानी दिल्लीका ठूला ठूला परियोजनाहरूका लागि भारतकै गरीब गाउँहरूबाट श्रमिक ल्याइनुको बारेको अध्ययनमा अभिनव लेख्छन्, 'पूँजीपति वर्ग जहिल्यै प्रवासी मजदूरलाई नै काममा राख्न चाहन्छ । यसको मुख्य कारण हो– १) सस्तो श्रम, २) असुरक्षित स्थिति, ३) मोलतोल गर्ने क्षमतामा कमी' (अभिनव, २०१०ः ११) ।

सारमा, संसार बहुराष्ट्रिय उत्पादन र बहुराष्ट्रिय श्रमशक्तिको सञ्जालमा छ । एकाधिकार वित्तीय पूँजीको यो युगमा भईरहेको नेपाली श्रम प्रवासन हिजोको लाहुरे वा कुल्ली परम्पराभन्दा नितान्त भिन्न हो । यो 'ग्लोबल भ्यालु आर्बिटेज'को हिस्सा बन्नु हो । जसअनुसार, बहुराष्ट्रिय कम्पनीहरूले स्थापित गरेका उत्पादनका केन्द्रहरू (स्थानान्तरण वा ठेकेदारीमार्फत्) मा श्रमशक्तिको माग बढ्दो छ । त्यो मागको आपुर्ति नेपालजस्ता सिंगो जनसंख्याको तुलनामा अधिक श्रमशक्ति भएको देशले पुर्ति गर्दैछ । विश्वबजार खुल्ला भएको छ । श्रमशक्ति बिक्रीको वस्तु बनेर बेचिएको छ । र, यो श्रम बजार श्रमव्यापारका व्यापारीहरू (म्यानपावर कम्पनीहरू) ले गरिरहेका छन् । व्यापारमा ठगी, शोषण, जालझेललाई परम्परा नै मान्ने गरिएको छ । यहाँ राज्यको भूमिका न्युन छ । किन नेपालजस्तो श्रम प्रवासन गर्ने राज्य कमजोर देखिन्छ ? किनभने, एक, नवउदारवादी नीतिले राज्यको भूमिका कमजोर पार्छ । दुई, श्रम प्रवासनको प्रक्रियाले देशभित्र एउटा बेग्लै वर्गको उदय गराएको छ र राज्य त्यहीं वर्गको प्रतिनिधित्व गरिरहेको छ (जसको व्याख्या तल गरिएको छ) ।

'ग्लोबल लेबर आर्बिटेज'मा श्रमशक्तिको शोषण दुई तरिकाले हुन्छ । यी दुई तरिकाको उदाहरण नेपाल र बंगलादेश हुन् । नेपालले मूल्य उत्पादनको लागि सस्ता श्रमशक्तिको पूर्ति मात्र गरेको छ भने बंगलादेशले श्रमशक्तिको पूर्ति सँगसँगै वस्तु उत्पादनको ठेक्का पनि लिएको छ । वस्तु उत्पादनको ठेक्का लिँदा तुलनात्मक रूपमा श्रमशक्तिमात्र पूर्ति गर्ने भन्दा फाइदा भएको देखिन्छ । तर, सारमा, नाफाको अधिक हिस्सा बहुराष्ट्रिय पूँजीले नै पाउँछ । त्यसैले अहिले एकाधिकार पूँजीले दक्षिणमा सस्तोमा उत्पादन गरेर उत्तरमा महँगोमा माल बेच्छन् ।

बंगलादेश संसारकै गार्मेन्ट उद्योगमा अग्रणी देशको रूपमा परिचित छ । खासमा, बंगलादेशका कम्पनीहरू बहुराष्ट्रिय कम्पनीका ठेकेदारमात्र हुन् । यी कम्पनीहरूले नाफाको साह्रै कम हिस्सा पाउँछन् भने अधिक हिस्सा बहुराष्ट्रिय पूँजीले नै पाउँछ । 'ग्लोबल लेबर आर्बिटेज'मा बंगलादेशी श्रमशक्ति कसरी शोषण हुन्छ र बंगलादेशी कम्पनी कसरी एकाधिकार पूँजीको सामान्य ठेकेदारमा परिणत भएको छ भन्ने उदाहरण स्मीथले आफ्नो किताबमा टोनी नरफिल्डको 'द चाइना प्राइस'बाट उद्धृत गरेको यो उदाहरणले पुष्टि हुन्छः

स्वीडिस 'हेनिज् एण्ड माउरिज्' व्यापारीक कम्पनीले जर्मनीको बजारमा ४.९५ पाउण्ड स्टर्लिङमा टिसर्ट बेच्छ । त्यसको उत्पादन बंगलादेशमा हुन्छ । बंगलादेशको उत्पादकलाई विक्रय मूल्यको २८ प्रतिशत अर्थात् १.३५ पाउण्ड स्टर्लिङमात्र प्राप्त हुन्छ । त्यहीं पैसाले बंगलादेशी उत्पादक कम्पनीले अमेरिकाबाट आयात गरिने कच्चा पदार्थ र दुवानी खर्च भुक्तानी गर्छ ।

अन्तिममा बंगलादेशी कम्पनीको विक्रय मूल्य जम्मा ०.९५ पाउण्ड स्टर्लिङ रहन्छ । त्यहीं पैसा बंगलादेशी कम्पनी मालिक, मजदूरमा बाँडिन्छ । मालिकले सरकारलाई तिर्ने करदेखि अन्य सम्पूर्ण खर्च पनि यसैबाट बाँडिन्छ ।

बंगलादेशको उद्योगले दिनको १ लाख २५ हजार टीसर्ट उत्पादन गर्छ । जसमध्ये आधा हेनिज् एण्ड माउरिज् कम्पनीलाई बेचिन्छ भने आधा अरु कम्पनीलाई । एउटा मजदूरले दैनिक दसदेखि बाह्र घण्टा काम गरेर २ सय ५० वटा टिसर्ट उत्पादन गर्छ जसबापत उसले १.३६ पाउण्ड स्टर्लिङ प्राप्त गर्छ ।

जर्मनीको बजारमा बेचिने टीसर्टको अन्तिम मूल्य ४.९५ पाउण्ड स्टर्लिङ छ, बंगलादेशको कम्पनीको विक्रय मुल्य १.३५ छ । अर्थात्, मजदूरले बंगलादेशकै मालिकको हिस्साको आधारमा पनि २५० वटा टिसर्ट उत्पादन गरेर जम्मा एउटा टिसर्टको मूल्य पाउँछ । मार्क्सको भाषा बाँकी २४९ वटा टिसर्ट उत्पादन गर्न लागेको मजदूरको श्रम नै अतिरिक्त श्रम हो । त्यही अतिरिक्त श्रमले नै बंगलादेशदेखि जर्मनीसम्म अतिरिक्त मूल्य निर्माण गरेको छ ।

सारमा, सन् १९७० को दशकबाट शुरु भएको बहुराष्ट्रिय कम्पनीहरूको उदयले उत्पादनको विश्वव्यापीकरण गर्‍यो । जसअनुसार, सस्ता मजदूर र प्राकृतिक स्रोतको उपलब्धता भएका क्षेत्रहरूमा उद्योगहरू स्थापना भए । भने, विकसित देशहरूमा सेवा क्षेत्रको घनत्व बढाइयो । उत्पादनको विश्वव्यापीकरणले सस्तो श्रम र सस्तो प्राकृतिक स्रोत कब्जा गरेर अतिरिक्त मूल्यको सिर्जनामा भारी वृद्धि हुनथाल्यो । उत्पादनको बहुराष्ट्रियकरणसँगै श्रमशक्तिको बहुराष्ट्रियकरण पनि भयो । अर्थात्, ग्लोबल लेबर आर्बिटेज सिर्जना भयो । यो नै श्रमशक्तिको विश्व बजार हो । यो बजारले अन्य कम विकसित देशका सस्तो श्रमशक्तिलाई जसरी नै नेपालको श्रमशक्तिलाई पनि आकर्षित गरिरहेको छ ।

(**साभारः 'परदेशको पसिना'**)

# अवध क्षेत्रको बाँकेमा मिथिलावासी

नेपालगञ्ज । लुम्बिनी प्रदेशको बाँके जिल्ला अवधवासीको बाहुल्य क्षेत्र मानिन्छ, तर यहाँ मिथिलावासीको पनि उल्लेख्य बसोबास छ भनेर धेरै थाहा छैन । हिजोआज होइन, नेपालगञ्ज आसपासका क्षेत्रमा एक सय ५० वर्षदेखि मिथिलावासीको बसोबास छ । आफ्ना संस्कृति र रहनसहनलाई संरक्षण गर्दै मिथिलावासी यहाँ बसोबास गर्दै आएका छन् ।

यो संख्या निरन्तर बढ्दै गएको छ, जुन बेला बेला हुने मैथिल समुदायका विभिन्न सांस्कृतिक पर्वहरू देखिन्छ । यहाँ विभिन्न समाज पनि क्रियाशील छन्, तिनले आफ्ना संस्कृति संरक्षणका लागि पहल गर्दै आएका छन् । त्यसमध्येको एक हो, चित्रगुप्त सेवा समाज । मैथली समुदायभित्र चित्रगुप्तलाई विद्याको देउता मानेर मानिन्छ । बर्सेनि त्यसको पूजाआजा हुँदै आएको छ । नेपालगञ्ज-८ निवासी पूर्वसहप्राध्यापक तथा मङ्गलप्रसाद महिला कलेजका प्रार्चाय रवीन्द्र कर्ण भन्छन्-"चित्रगुप्तलाई हामीले 'कलम द्वैध' भनेर कलम र मसीको पूजा गर्छौं, त्यो दिन लेख्ने पढने हुँदैन । तीस वर्षदेखि निरन्तर बागेश्वरी परिसरमा रहेको चित्रगुप्तको मन्दिरमा पूजा गर्दै आएका छौं । चित्रगुप्त सेवा समाज गठन भएको चार वर्ष भएको छ ।"

सहप्राध्यापक कर्णका अनुसार पहिले घर-घरमा पूजा हुने गर्थ्यों, पछिल्लो समय एक ठाउँमा भेला भएर पूजाआजा गर्ने गरिएको छ । काठमाडौँ र जनकपुर क्षेत्रमा चित्रगुप्तका ठूलाठूला मन्दिरसमेत छन् । यसबाहेक छठ, जीतिया, सामचकेवा,फगुवा दशहरा, दीपावलीलगायत पर्वको संरक्षण तथा सम्वर्द्धन गर्दै आइएको पूर्वसहप्राध्यापक कर्णले बताए ।

मैथिली संस्कृतिमा उत्तिकै महत्त्का साथ मनाइने सामचकेवा र जीतिया पर्व भने यहाँ घरमा मात्रै सीमित रहेको बताउनुभयो । "वर्षौं पहिले हजुरबुबा नेपालगञ्ज आएको र त्यतिबेलाको नेपालगञ्ज अहिले जस्तो थिएन । मेरो बुबा चन्द्रपतिलाल कर्ण महेन्द्र माध्यमिक विद्यालयका संस्थापक हुनुहुन्थ्यो । मेरो जन्म २०१५ सालमा यही भयो । यहाँ मैथली समुदायभित्रका कर्णपरिवारका करिब ५० घर छन् । बाँकेमा खासगरी कर्ण, यादव, शाह, दास, ठाकुर, मल्लिक, महतो, श्रीवास्तव, सक्सेनालगायतका सात सयभन्दा बढी घरपरिवार छन् ।"-कर्णले भने ।

शिक्षक वीरेन्द्र यादव नेपालगञ्ज बाहेक कोहलपुर, खजुरा, राप्तीसोनारी र केही नरैनापुरमासमेत मैथिलीभाषिको बसोबास उल्लेख्य रहेको बताउँछन् । वर्षौं पहिले शिक्षा, स्वास्थ्य, नापी, पशु स्वास्थ्य, शिक्षकलगायत कामका सिलसिलामा मैथलीभाषी यहाँ आएको र पछि यतै बस्न थालेको उनको भनाइ छ । पूर्वी नेपालको बारा, सर्लाही, सिराहा, सप्तरी, धनुषाको जनकपुरधामलगायत मैथलीभाषीको यहाँ उल्लेख्य बसोबास छ । नेपालगञ्जको वडा नं १५ स्थित बुलबुलियामा मैथिलीवासी धेरै रहेको शिक्षक यादव बताउँछन् ।

**एमालेको...**

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र उनको पक्षले पार्टीमा एउटै व्यक्ति दुई पटकभन्दा बढी जिम्मेवारीमा नरहने व्यवस्था पार्टी र विधानमै हुनुपर्ने भन्दै ओलीले अध्यक्षबाट बिदा लिनुपर्ने माग गरेको छ । जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिको जिम्मेवार भए पनि तत्कालीन प्रधानमन्त्री ओलीले कुनै जिम्मेवारीवोध नगरेको बरु जेनजी आन्दोलनको अपव्याख्या मात्रै गरेको र पूर्व पार्टी उपाध्यक्ष एवं पूर्व राष्ट्रपति विद्या भण्डारीको नवीकरण भइसकेको सदस्यतालाई मान्यता नदिएर अपमान गरेको भन्दै पोखरेल पक्ष रुष्ट छ । पोखरेलले एघारौं महाधिवेशनको नेतृत्व चयनमा सहमति हुनसक्ने सम्भावना पनि रहेको बताएका छन् ।

त्यसका लागि ओलीले महाधिवेशनको हलमै औपचारिक रुपले अबको नेतृत्वमा नदोहोरिने घोषणा गरेको खण्डमा सहमति हुनसक्ने पोखरेलले बताएका छन् ।

'सहमति हुनसक्छ । तर अहिलेको सन्दर्भमा हामीले भनेका छौं । पार्टी अध्यक्ष केपी शर्मा ओलीले अभिभावकीय भूमिका खेल्ने, संरक्षक भएर बस्ने,' पोखरेलले भने-'उहाँले महाधिवेशनको हलमा औपचारिक ढंगले अबको लिडरसिप फलानो भनेर प्रस्ताव गर्नुभयो भने सहमति हुनसक्छ । अरु हिसाबले सहमति हुन्छ जस्तो लाग्दैन ।'

भूमि व्यवस्थापन तथा अभिलेख विभाग भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तु

**हकवालाको नाँउको ३५ दिने सूचना ।**

**प्रकाशित मितिः–** २०८२/०८/२७

उपरोक्त सम्बन्धमा जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नं. ८ मौजा विजुवा (साविक गा.वि.स. विजुवा वडा नं. ३) बस्ने नुरईको नाति, गोलीको छोरा ज.ध. मोहरत अलि तेलीको नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गा मेरो भोगचलन रहेको र श्रेस्ता जीर्ण भएकोले मेरो नाममा श्रेस्ता कायम गरी ज.ध. प्रमाण पुर्जा पाँउ भनी मिति २०८२/०५/१६ को माग निवेदन अनुसार हकवालाको नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ । निजको नाममा श्रेस्ता कायम हुन नपर्ने कुनै कारण भए यो सूचना टाँस भएको मितिले म्यादभित्र स-प्रमाणसहित यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा निवेदक मोहरत अलि तेलीको नाममा श्रेस्ता कायम भई ज.ध. प्रमाण पुर्जा प्राप्त गर्ने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. / क्षेत्रफल | दर्तावालाको नाम, थर |
|---|---|---|---|
| खास विजुवा | १क | ५८६ (०-१-१-०) | ज.ध. - मोहरत अली तेली<br>बाबु :- गोली<br>बाजेः- नुरई<br>ना.प्र.प.न. : १५६२<br>जा.मि. : २०४३/०८/२९<br>ठेगानाः- जिल्ला कपिलवस्तु सा.गा.वि.स.विजुवा वडा नं. ६<br>हालः मायादेवी गा.पा. वडा नं. ८ मौजा विजुवा |
| खास विजुवा | १ख | २६ (०-०-९-०), १३३(०-५-१३-० ) | |
| खास विजुवा | २क | १९९(०-०-१२-०), १८१(०-०-१०-०), ५०६(०-०-१४-०), ५१७(०-०-९-०), ८००(०-१-१०-०), ८८९(०-०-१६-१०), १०९५ (०-०-५-०) | |
| खास विजुवा | २ख | १२७(०-२-६-०), २२८(०-०-१७-०) ४००(०-१-१५-०), ४६५ (०-१-७-०), ५०५(०-२-१०-०), ५०४(०-१-४-०) ५०६ (०-०-८-०), ६३८ (०-०-१४-०), ६४९(०-०-१८-०) | |

पुनश्चः- उपरोक्त अनुसार श्रेस्ता कायम गरी दिनु भनी मायादेवी गा.पा. ८ नं. वडा कार्यालयको च.नं. १२६ मिति २०८२।०५।११ गते सिफारिस भई आएको ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**सीप सिक्दै महिला:**
दाङको घोराही उप-महानगरपालिका-१४ स्थित स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्र, घोराहीमा ऊनी सामग्री बनाउने सीप सिक्दै महिला। केन्द्रले हातले बुनेका विभिन्न प्रकारका ऊनी सामग्रीसमेत बिक्री गर्दै आएको छ। तस्विर: कुलदीप न्यौपाने/रासस

# ओली अधिनायकवादी हुन् : मोहनविक्रम



**राधिका भुसाल**
*प्यूठान*

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले देश अहिले इतिहासकै गम्भीर संकटमा पुगिसकेको बताएका छन्। प्रगतिशिल पत्रकार संघ नेपाल, जिल्ला समिति प्यूठानको आयोजनामा भएको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले जेनजी आन्दोलनपछि देश अझै संकटमा परेको बताएका हुन्।

सिंहले जेनजी समूहको नेतृत्व, विधि सिद्धान्त नभएकाले जेनजी आन्दोलनको दुरुपयोग भएको उनले बताए। आन्दोलनसँगै गलत प्रवृत्तिका व्यक्ति, प्रतिगमनकारी शक्ति र विदेशी प्रभाव हावी भएकाले देश जोखिमपूर्ण दिशातर्फ गएको उनी बताउँछन्। 'जेनजी आन्दोलनमा धेरैजना आफ्ना स्वार्थका लागि घुसेका छन्,' उनले भने-'अहिलेसम्मको इतिहास हेर्दा सहिद हुनेहरु जेनजी समुहकै छन्, त्यसकारण परिवर्तनको निम्ती यो उमेर समूहको महत्वपूर्ण भूमिका देखिन्छ।' भाद्र २३ गते भएको जेनजी समूहको आन्दोलनमाथि दमन भएको बताउँदै उनले त्यसको मुख्य जिम्मेवार तत्कालिन सरकारले लिनु पर्ने जनाए।

'आन्दोलनमाथि दमन गर्ने मुख्य जिम्मेवारी व्यक्ति केपी ओली नै हुन्,' सिंहले भने-'ओली नेपालको राजनैतिक इतिहासमा अधिनायकवादी नेता हुन्।' भाद्र २४ गते घटना जेनजी समूहबाट नभएको बताउँदै आन्दोलनको दुरुपयोग भएको उनले बताए। आन्दोलन नेतृत्वविहीन र अस्पष्ट भएको उनको दाबी छ।

महामन्त्री सिंहले अहिलेको राजनीतिक अवस्था हेर्दा तोकिएको समयमा निर्वाचन हुन कठिन रहेको जनाए। उनका अनुसार कसैले अन्तरिम संविधान बनाएर निर्वाचनमा जाने, कसैले संविधान संशोधन गर्ने, कसैले प्रत्यक्ष कार्यकारी प्रमुखको माग गर्ने, यस्ता विविध मतबिच स्पष्ट दिशा देखिँदैन।

'नेपालीले राणा शासनको अन्त्य गरे, पञ्चायती शासन परास्त गऱ्यो, ०५९ सालमा राजा ज्ञानेन्द्रको 'कू' लाई पनि जनताले हराए,' सिंहले ऐतिहासिक संघर्षहरू स्मरण गर्दै भने-'तर अहिलेको संकट ती सबैभन्दा फरक र गम्भीर छ। किनभने यसमा भारत र अमेरिकी साम्राज्यवादले समेत प्रत्यक्ष घुसपैठ गरेको छ।'

सामाजिक सञ्जाल नियन्त्रण गर्ने सरकारी निर्णयबारे पनि उनले प्रतिक्रिया दिए। 'सरकारले कानुन नबनाई ठाडो रूपमा प्रतिबन्ध लगाउँदा आन्दोलनलाई झन् बल मिल्यो। सामाजिक सञ्जालले अराजकता फैलाएको थियो, नियन्त्रण आवश्यक थियो, त्यसलाई नियमन गर्नुपर्छ हाम्रो पनि थियो, तर प्रक्रिया गलत भयो,' उनले भने-'आन्दोलनको क्रममा राष्ट्रिय जनमोर्चाको कार्यालयमाथि हमला गर्नु पर्ने कुनै आधार छैन, हामीले जति पनि राज्यसत्तामा पुगेका थियौं एकपैसा पनि भ्रष्टाचार गरेनौ।' निर्वाचनको मिति तय भएको छ, संविधानमार्फत् हुन्छ या हुँदैन कुनै टुंगो नभएको उनको भनाइ छ।

आगामी निर्वाचनमा सहभागी हुने बताउँदै कुनै पनि दलसँग तालमेल नगरि देशैभर एक्लै चुनावी मैदानमा होमिने तयारी भएको बताए।

# प्रलोपा केन्द्रीय समितिमा एक दर्जन जेनजी



बुटवल। नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) मा जेनजी उमेर समूहका १२ जनालाई केन्द्रीय समितिमा राखिएको छ। पार्टीको मूल नेतृत्वमा जेनजी उमेर समूहको एक जनासहित थप ११ जनालाई केन्द्रीय सदस्य बनाइएको हो।

प्रलोपाको हाल कायम १५१ सदस्यीय केन्द्रीय समितिको पाँच सदस्यमा अध्यक्ष परिषद्मा जेनजी ओजस्वी भट्टराई छन्। भट्टराईबाहेक अन्य चारजना सुदन किराँती, सन्तोष परियार, दुर्गा सोब र सुरेन्द्रप्रसाद जैसवाल (अशोक) ले युवा उमेर समूह पार गरिसकेका छन्।

७ मंसिरमा एकता घोषणा सभा गरेर सार्वजनिक गरिएको केन्द्रीय सदस्यको सूचीमा रहेका १२ जना जेनजी मध्ये अधिकांश २३ र २४ भदौको आन्दोलनमा सक्रिय थिए।

प्रलोपाको केन्द्रीय सदस्यमा रहेका ओजस्वी भट्टराई, डा. राहुल कुर्मी, श्रीजन सिम्खडा, रुक्सना कपाली, सम्झना बासुकला, अमित खनाल (उर्जा), जटिल कार्की, दिनेश कुमाल, संविधान प्रसाईं, निर्मला गौतम, सन्दिप पुन, सम्झना राईलगायत जेनजी हुन्।

प्रलोपाको अध्यक्ष परिषद्मा रहेकी ओजस्वीले जेनजी आन्दोलनलाई संस्थागत गर्ने कार्यमा संलग्न थिइन्। जेनजी आन्दोलनका मागलाई संस्थागत गर्नको विभिन्न समूहमा छरिएका जेनजीहरूलाई एकत्रित गर्न ओजस्वी सक्रिय रहिन्। तीन दिनअघि सरकार र जेनजीबीचमा सम्झौता भएको छ।

जेनजी आन्दोलनपछि जेनजी मुभमेन्ट अलायन्समार्फत् अमित खनाल सक्रिय थिए। संविधान प्रसाईं नयाँ प्रधानमन्त्रीको नियुक्तिका विषयमा जंगी अड्डामा भएको वार्तामा सहभागी भएका थिए।

पार्टी नेताहरूका अनुसार प्रलोपामा जेनजीलाई केन्द्रीय नेतृत्वमा ल्याउनका लागि ओजस्वी भट्टराई र अमित खनालले मूख्य भूमिका खेलेका थिए। केन्द्रीय समितिमा रहेका १२ जेनजीमा ९ जना भट्टराई र खनालको माध्यमले जोडिएका हुन्। केन्द्रीय सदस्य जन्मदेव जैसी जेनजी विद्रोहको सम्मान गर्दै युवालाई संगठित, युवा नेतृत्व विकास, आन्दोलनमार्फत् अभिव्यक्त युवाको आवाजलाई थप शसक्त बनाउन जेनजीलाई केन्द्रीय नेतृत्वमा राखिएको बताउँछन्।

# तिनाउ गायन ताराको उपाधि साकारलाई

बुटवल। बुटवल-११ देवीनगरस्थित तिनाउ इङग्लिस् बोर्डिङ् स्कूलमा भएको जिल्लास्तरीय तिनाउ गायन तारा प्रतियोगिताको उपाधि न्यू होराइजन उमाविका शाकार शाहीले जितेका छन्।

प्रतियोगितामा अक्सफोर्ड उमाविका शिक्षान्त न्यौपाने दोस्रो तथा शैनिक आवाहिय महाविद्यालयका रिवाज थारु तेस्रो र बुटवल एक्स आर्मीको हिमा थापा सान्त्वना भएकी छन्।

प्रतियोगितामा प्रथम हुनेले १० हजार, द्वितीयले ७ हजार, तृतीयले ५ हजार र सान्त्वनाले ३ हजार पुरस्कार मेडल र प्रमाणपत्र पाएका छन्। उनीहरुलाई विद्यालयका अध्यक्ष यज्ञमूर्ति पाण्डे, प्राचार्य सीता पाण्डे, अभिभावक संघका अध्यक्ष लोकनाथ ज्ञवाली, विद्यालय संयोजक नारायण पोखेल, खेल संयोजक नविनरत्न शाक्यलगायतले पुरस्कार वितरण गरेका थिए।

प्याब्सन लुम्बिनी प्रदेशका अध्यक्ष लालहरि पाण्डेले कार्यक्रमको उद्घाटन गरेका थिए। सो अवसरमा प्याब्सन केन्द्रीय सदस्य खेमेन्द्र राना, अभिभावक संघका अध्यक्ष लोकनाथ ज्ञवाली, हिसानका निवर्तमान अध्यक्ष दिनेश भुसाल, प्याब्सन बुटवलका अध्यक्ष मित्रहरि आचार्यलगायतले बोलेका थिए।

गायनमा क्षमता भएका विद्यार्थीको प्रतिभा प्रस्फूटन गर्ने उद्देश्यसहित आयोजित अन्तर विद्यालय पहिलो तिनाउ गायन तारा प्रतियोगिता भएको हो।

प्रतियोगितामा जिल्लाका सामुदायिक र संस्थागत गरी ३३ विद्यालयका विद्यार्थी सहभागी भएको सह-प्राचार्य सूर्यप्रसाद पाण्डेले बताए। प्रतियोगितामा कक्षा १० सम्मका मात्र विद्यार्थी प्रतिष्पर्धामा भाग लिएको कार्यक्रम संयोजक नवीनरत्न शाक्यले बताए। कार्यक्रमको सञ्चालन शिक्षक अग्निधर पोखरेलले गरेका थिए।

## अन्तरविद्यालय टी-२० क्रिकेट:

# लुम्बिनी शिक्षा निकेतन र रूपन्देही लीलाराम मावि विजयी




भैरहवा। स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबारको खेलमा लुम्बिनी शिक्षा निकेतन र रुपन्देही लीलाराम मावि विजयी भएका छन्। लुम्बिनी शिक्षाले कुँवरवर्ती इङ्ग्लिस बोर्डिङ् स्कूललाई १ सय १९ रनको फराकिलो अन्तरले पराजित गरेको छ। यस्तै, लीलाराममले शान्ति नमूना माविलाई २ विकेटले पराजित गर्दै जित निकालेको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शिक्षा निकेतनले ७ विकेट गुमाएर १ सय ८९ रन बनायो। उसका लागि बासुदेव यादवले अविजित १ सय २७ रनको शतकीय पारी खेले। यस्तै, आसिफ खानले १९ र जाभेद खानले १४ रन जोडे। बलिङमा कुँवरवर्तीका अञ्जित केसीले २ तथा आकाश गिरी र सरगम तिवारीले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको कुँवरवर्ती १९ ओभर ५ बलमा सबै विकेट गुमाएर ७० रनमै समेटियो। उसका लागि अञ्जित केसीले ३५ र उपेश सेनले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा लुम्बिनी शिक्षा निकेतनका तौफिक अहमदले ३, अफताब खानले २ तथा बासुदेव यादव र अफसर खानले १-१ विकेट लिए। बासुदेव यादव प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको शान्ति नमूनाले सबै विकेट गुमाएर १०० रन बनायो। उसका लागि प्रसन कार्कीले १९, कोशिश पाण्डेले १५ र नितिश ठाकुरले १३ रन बनाए। बलिङमा लीलारामका आयन खानले ४, फैजन खानले ३ तथा कृष्णमोहन कोइरी र विक्की मल्लाहले १-१ विकेट लिए।

प्रतिउत्तरमा लीलारामले १६ ओभर १ बलमा ८ विकेट गुमाएर १ सय ४ रन बनाउँदै जित निकाल्यो। उसको जितमा मोहमद युसुफ र आयन खानले समान १७ रन बनाउँदा अजय केवटले १५ र लक्की यादवले ११ रन जोडे। बलिङमा शान्ति नमूनाका रुदान्स भट्टराईले ३, नितिश ठाकुर र सफल पाठकले २-२ तथा दिवस अर्यालले १ विकेट हात पारे। आयन खान प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन्। प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ। प्रतियोगितालाई पर्वत ज्वेलर्स, भैरहवाले प्रायोजन गरेको छ।

# फोहर व्यवस्थापन केन्द्रमा आगलागी हुँदा रु ६७ लाखको क्षति



घोराही। यहाँको राप्ती गाउँपालिका-२ पुन्यपुरमा रहेको फोहर व्यवस्थापन तथा स्रोत केन्द्रमा भएको आगलागीका कारण रु ६७ लाख मूल्य बराबरको क्षति भएको छ।

शुक्रबार बिहान भएको आगालागीका कारण एउटा ट्रस्ट भवनसहित ठूलासाना मेसिन र टायल तथा इन्टरलक जलेर नष्ट हुँदा रु ६७ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले जानकारी दिए।

आगलागीका कारण फोहर व्यवस्थापनका लागि बनाइको घरसमेत जलेको छ। यसअघि राप्ती गाउँपालिकाले यहाँ फोहर व्यवस्थापन गर्दै आएको थियो।

यहाँ गढवाको दमकल, राप्ती गाउँपालिकाको मिनी दमकल, डोजरको सहयोगमा करिब दुई घण्टामा आगो निभाइएको थियो।

आगलागीको कारण पहिचान हुन नसकेको र घट्नाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# कोलुवा कृषि सहकारी संस्थाको वार्षिक साधारणसभा




देवदह। कोलुवा कृषि सहकारी संस्थाको ११औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। सोही अवसरमा बोल्ने वक्ताहरुले किसानलाई समयमै मल, बिउ उपलब्ध गराउन स्थानीय तहले भूमिका खेल्नु पर्नेमा जोड दिएका थिए।

उनीहरुले स्थानीय तहले किसानलाई परिचयपत्रको व्यवस्था गर्नुपर्ने बताउँदै कृषि उपज उत्पादन वृद्धिको लागि बिउबिजनसँगै सिँचाइको व्यवस्था गर्न आग्रह गरेका थिए।

कार्यक्रममा देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रेले कृषिलाई व्यवसायी बनाउन सकेमात्र आत्मनिर्भर हुनेमा जोड दिए। उनले कृषि उपकरण प्रयोग गर्न सकेमात्र उत्पादन वृद्धि गर्न सकिने बताए। उनले देवदह नगरपालिकाले कृषिउपज उत्पादन वृद्धि गर्नको लागि विभिन्न पकेट क्षेत्र घोषणा गरेर अगाडि बढिरहेको जानकारी दिए।

संस्थाका अध्यक्ष प्रमिला सेढाइको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिका कृषि शाखा प्रमुख राजेन्द्र चौधरी, पूर्वअध्यक्ष चक्रपानी न्यौपाने, साना किसान कृषि सहकारी संस्थाका सञ्चालक नविन न्यौपानेलगायतले आ-आफ्ना भनाइ राखेका थिए। कार्यक्रममा अध्यक्ष सेढाइले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नरबहादुर रिङजालीले आर्थिक प्रतिवेदन, लेखा संयोजक गीरप्रसाद पाण्डेले लेखा प्रतिवेदन, सचिव मीना भट्टराईले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा जेष्ठ सदस्य तथा उत्कृष्ट कृषकहरुलाई सम्मान गरिएको थियो। संस्थाका उपाध्यक्ष प्रमिला शर्माको स्वागत र सचिव मीना भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

**पश्चिमाञ्चल यातायात व्यवसायी समिति**
**प्रधान कार्यालय बुटवल-११, रूपन्देहीको**
**साधारणसभा तथा अधिवेशनबारे अत्यन्तै जरुरी सूचना।**

प्रकाशित मिति:२०८२।०८।२७

यस पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलको २५औं वार्षिक साधारणसभा तथा १४ औं अधिवेशन २०८२ साल माघ ९ र १० गते सम्पन्न हुन गइरहेको व्यहोरा अनुरोध गर्दै, उक्त साधारणसभा तथा अधिवेशनमा भाग लिनका लागि यस समितिमा दर्ता, विमा र मासिक अध्यावधि रहेका ट्रकहरुको तर्फबाट व्यवसायी सदस्यता परिचय पत्र मिति २०८२ साल पुस २० गतेसम्म १ प्रति पासपोर्ट साइज फोटो र नागरिकताको फोटोकपीसहित उपस्थित भई परिचय पत्र बनाउनु हुन अनुरोध छ। परिचयपत्र विना साधारण सभा तथा अधिवेशनमा भाग लिन पाइने छैन।

खिम बहादुर थापा क्षेत्री
महा–सचिव

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com